माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८० भाद्र २१ गते वसेको वैठकका निर्णयहरु देहायबमोजिम पारित गरियो।

**निर्णयहरुः**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा माण्डवी गाउँपालिका अन्तर्गतका सम्पूर्ण शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था लगायतका कार्यालयहरुको दैनिक क्रियाकलाप, सेवा प्रवाह सम्वन्धमा व्यापक छलफल गरियो। साथै यस्ता कार्यालयबाट भएका राम्रा क्रियाकलाप आगामी दिनमा अनुसरन गर्ने र गलत क्रियाकलापहरुलाई सुधार गर्न निर्देशन दिने निर्णय गरियो। साथै माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८० श्रावण ३१ र भाद्र १ गते वसेको वैठकले गरेको निर्णयहरुको सम्वन्धमा प्रत्येक निर्णयको कार्यान्वयनको अवस्थाको व्यापक समिक्षा गरियो। धेरै निर्णयहरु कार्यान्वयनमा गईसकेका तथा वाँकी निर्णय कार्यान्वयन सिघ्र गर्न गाउँपालिका प्रशासनलाई निर्देशन दिने निर्णय गरियो।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा विभिन्न समयमा गाउँपालिकाबाट निर्माण सम्पन्न भएका देविस्थान स्थित चिस्यानकेन्द्र, जस्पुरचोक स्थित कोशेली घर र स्याउलीघारी स्थित पशु मिसन कार्यक्रम अन्तर्गतको नर्सरी केही समय सञ्चालन आई हाल वन्द अवस्थामा रहेकोमा पुन सञ्चालनका लागि विभिन्न संघ संस्था, सहकारी संस्था समुह, टोल विकास संस्थालाई सञ्चालन गर्न दिने गरी प्रस्ताव पेश गर्ने सूचना प्रकाशन गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा प्रशासनिक निर्णय सम्वन्धमा तपसिलको निर्णय गरियो।

   क. माण्डवी गाउँपालिका वडा नं ५ रम्दीमा सञ्चालित स्वर्गद्वारी एग्रीगेट माण्डवी ५ रम्दी प्यूठानलाई गाउँ कार्यपालिकाको मिति २०८० श्रावण ३१ गतेको निर्णय अनुसार दर्ता प्रमाणपत्र सहित आवश्यक कागजात माग गरिएकोमा प्राप्त कागजात र अन्य कागजात बमोजिमको उक्त एग्रीगेटले सञ्चालन गरेको कारोवार दर्ता बमोजिम भए नभएको सम्वन्धमा तपसिलको छानविन समिति गठन गर्ने र ७ दिन भित्र प्रतिवेदन तयार गरी पेश गर्ने निर्णय गरियो।

| | |
|---|---|
| पुर्ण प्रसाद कालाथोकी | संयोजक |
| धनेन्द्र कार्की | सदस्य |
| डिल बहादुर घर्ति | सदस्य |
| बालिका नेपाली | सदस्य |
| हेमराज वस्नेत | सदस्य सचिव |

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई जनमुखि, उत्तरदायि र प्रभावकारी वनाउनका लागि सेवा प्रवाहको नवीनतम प्रविधिमा जोड दिने निर्णय गरियो।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिका वडा नं ५ स्थित ज्योति प्राथमिक विद्यालय चकचकेको विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०४/२३, चलानी नम्वर ०८ को पत्राअनुसार त्यस विद्यालयमा सरुवा भई आउनु भएकी श्री प्राथमिक तह स्थायी शिक्षक श्री तारा के.सी.लाई प्रधानाध्यापक पदमा नियुक्तीका लागि उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार सिफारिस गरिएकोले निज तारा के सीलाई उक्त विद्यालयको प्रधानध्यापक पदमा अर्को व्यवस्था नभए सम्मका लागि पदस्थापना गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा विविध सम्वन्धमा निम्न निर्णय गरियो।

प्रशासकीय अधिकृत

क. माण्डवी गाउँपालिका अन्तर्गतको श्री सुन्नानी आधार माध्यमिक विद्यालय माण्डवी गाउँपालिका वडा नं २ मा माध्यमिक तह शिक्षक श्री अम्विका गाहालाई काज खटाईएकोमा निजको स्थायी दरवन्दी भएको विद्यालय श्री माध्यमिक विद्यालयमा खटाउने निर्णय गरियो ।

ख. यस गाउँपालिका अन्तर्गत श्री कृष्ण आधारभुत विद्यालय मार्सिवाङमा कार्यरत प्राथमिक तहका शिक्षक श्री कृष्ण बहादुर परियारलाई गणेश आधारभुत विद्यालय ढिकावनमा अघिल्लो कार्यपालिका निर्णय अनुसार सरुवा गरेकोमा हालै गणेश आधारभुत विद्यालयमा नवनियुक्त गणित शिक्षक श्री रमेश हौजालीलाई श्री कृष्ण आधारभुत विद्यालय मार्सिवाङमा सरुवा गर्ने निर्णय गरियो ।